# न्याय सेवा आयोग
## परीक्षा महाशाखाको सूचना

**जिल्ला न्यायाधीश पदको आन्तरिक खुला, खुला तथा समावेशी प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन**

नेपालको संविधानको धारा १४९ को उपधारा (२) को खण्ड (ख) र (ग) बमोजिम देहायको समूह अन्तर्गत जिल्ला न्यायाधीशको पदमा प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नको लागि न्याय परिषदबाट लेखी आएको हुँदा देहायबमोजिम योग्यता पुगेका उम्मेदवारहरुले दरखास्त दिन हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ।

| क्र.सं. | विज्ञापन नं. | समूह | माग पद संख्या | लिखित परीक्षा कार्यक्रम मिति र समय | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम पत्र (विधिशास्त्र, संवैधानिक कानून र कानून प्रणाली) | द्वितीय पत्र (देवानी कानून र देवानी कार्यविधि) | तृतीय पत्र (फौजदारी कानून र फौजदारी कार्यविधि) | चौथो पत्र (मिसिल अध्ययन) | |
| | | | | | | | प्रथम खण्ड | दोस्रो खण्ड |
| १. | ०००१/०७५-७६ | आन्तरिक खुला | ३ (तीन) | २०७५।१२।१० गते दिनको १.०० बजे | २०७५।१२।११ गते दिनको १.०० बजे | २०७५।१२।१२ गते दिनको. १.०० बजे | २०७५।१२।१३ गते दिनको १.०० बजे | २०७५।१२।१४ गते दिनको. १.०० बजे |
| २. | ०००२/०७५-७६ | खुला | १ (एक) | | | | | |
| ३. | ०००३/०७५-७६ | महिला | १ (एक) | | | | | |

**परीक्षाको किसिमः-** लिखित र अन्तरवार्ता ।

**परीक्षा केन्द्रः-** परीक्षा काठमाण्डौ उपत्यकामा मात्र लिइने र केन्द्रहरु पछि लोकसेवा आयोगको सूचनाद्वारा तोकिने छ।

**परीक्षा दस्तुरः-** आन्तरिक खुलाको लागि रु.२०००।-(दुई हजार), खुलाको लागि रु. २०००।- (दुई हजार) र प्रत्येक समावेशी समूहका लागि थप रु. ५००।- (पाँच सय) दस्तुर बुझाउनु पर्नेछ ।

**दरखास्त दस्तुर बुझाउने स्थानः-** न्याय परिषद सचिवालय, रामशाहपथ स्थित कार्यालय ।

**दरखास्त दस्तुर बुझाउने अवधिः-** विज्ञापन भएको मितिले ३० दिन भित्र ।

**दरखास्त दिने अन्तिम मितिः-** २०७५।११।१२ गते सम्म र दोब्बर दस्तुर २०७५।११।१९ गते सम्म ।

**अन्तर्वार्ता हुने मितिः-** लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ ।

**तलबः** प्रचलित स्केल बमोजिम ।

**पदमा रही गर्नुपर्ने कामको विवरणः-** जिल्ला न्यायाधीशलाई प्रचलित कानून बमोजिम तोकिएको काम ।

**आवश्यक न्यूनतम योग्यता र अनुभवः** नेपालको संविधानमा तोकिए बमोजिम ।

**द्रष्टव्यः**

१. अनुभवको अवधि आवश्यक पर्ने उम्मेदवारको हकमा जिल्ला न्यायाधीश पदको लागि तोकिएको दरखास्त दिन पाउने अन्तिम मिति सम्ममा न्यूनतम सेवा अवधि पुरा भएको हुनुपर्नेछ । दोब्बर दस्तुरको म्यादलाई शैक्षिक योग्यता, अनुभव र सेवा अवधि तथा अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन ।

२. न्याय सेवा आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

३. लिखित परिक्षामा सहयोगी माग गर्ने उम्मेदवारले विशेष परिस्थिति परेको अवस्थामा बाहेक परीक्षा शुरु हुनु भन्दा दश दिन अगावै आयोगमा लिखित निवेदन दिनु पर्नेछ ।

४. आन्तरिक खुला, खुला, र समावेशी तर्फको परिक्षा संयुक्त हुनेछ । अन्तरवार्ताका लागि छनौट भएका उम्मेदवारहरुको नतिजा प्रकाशन गर्दा आन्तरिक खुला, खुला र समावेशी समूहतर्फ एकमुष्ठ रुपमा बर्णानुक्रमका आधारमा प्रकाशन हुनेछ र अन्तरवार्ता एकै पटक लिइने र एकमुष्ठ योग्यताक्रम प्रकाशन गरिनेछ।

५. आन्तरिक खुला, खुला र समावेशी समूहमा दरखास्त दिने उम्मेदवारहरुले दरखास्तसाथ दरखास्तको महलमा उल्लिखित विवरणहरु प्रमाणित गर्ने प्रमाणपत्रहरुको प्रतिलिपिहरु र सम्बन्धित निकायमा कार्यरत उम्मेदवारहरुले सोही निकायबाट र अन्य उम्मेदवारहरुले नोटरी पव्लिकबाट प्रमाणित गराई पेश गर्नु पर्नेछ।

६. आन्तरिक खुलातर्फ दरखास्त पेश गर्न चाहने उम्मेदवारले नेपालको संविधानको धारा १४९ को उपधारा (२) को खण्ड (ख) बमोजिम न्याय सेवाको राजपत्रांकित द्वितीय श्रेणीको पदमा कम्तीमा तीन वर्ष काम गरेको अनुभव भएको व्यहोरा आफु कार्यरत निकायको प्रमुखबाट दरखास्तको तोकिएको महलमा प्रमाणित गरिएको हुनु पर्नेछ।

७. खुलातर्फ दरखास्त पेश गर्न चाहने उम्मेदवारले नेपालको संविधानको धारा १४९ को उपधारा (२) को खण्ड (ग) बमोजिम न्याय सेवाको राजपत्रांकित पदमा कम्तीमा आठ वर्ष काम गरेको अनुभव भएको ब्यहोरा आफु कार्यरत रहेको निकायको प्रमुखबाट दरखास्तको तोकिएको महलमा प्रमाणित गरिएको हुनुपर्नेछ ।

८. खुलातर्फ दरखास्त पेश गर्न चाहने कानूनमा स्नातक उपाधि प्राप्त गरी अधिवक्ताको रुपमा निरन्तर कम्तीमा आठ बर्ष वकालत गरेको वा कानूनको अध्यापन, अन्वेषण वा कानून वा न्याय सम्वन्धी अन्य कुनै क्षेत्रमा कम्तीमा आठ बर्ष काम गरेका उम्मेदवारहरुले त्यस्तो काम गरेको अनुभवको विवरण दरखास्तको तोकिएको महलमा उल्लेख गरी अधिवक्ताको हकमा नेपाल कानून व्यवसायी परिषदबाट प्रमाणित गराई तथा अन्यको हकमा सम्बन्धित निकाय वा संस्थाको प्रमुखबाट प्रमाणित गराई त्यस्तो अनुभवको प्रमाणपत्र समेत पेश गर्नु पर्नेछ ।

**स्पष्टिकरणः** यस दफाको प्रयोजनको लागि "काम गरेको अनुभव" भन्नाले कानूनकमा स्नातक उपाधि हासिल गरेपछि प्राप्त अनुभवलाई जनाउछ । साथै "कानूनको अन्वेषण वा कानून वा न्याय सम्बन्धी अन्य कुनै क्षेत्रमा कम्तीमा आठ बर्ष काम गरेको अनुभव" भन्नाले अधिकृतस्तरमा काम गरेको अवधिलाइ वुझ्नु पर्छ।

९. एउटै अवधिमा दुई वा सो भन्दा बढि निकायमा काम गरेको भएमा पुरा समय काम गरेको कुनै एकको अनुभव मात्र गणना गरिने छ ।

१०. नियुक्ति पत्र वा करारनामामा नै आंशिक रुपमा काम गर्ने उल्लेख भएकोमा सो अनुभवलाई मान्यता दिइने छैन।

११. एक वर्ष भन्दा कम अवधिको अस्थायी वा करार सेवाको अनुभवलाई गणना गरिने छैन ।

१२. सहायकस्तरमा पदाधिकार रही अधिकृतस्तरमा कायम मुकायम वा निमित्त भई सेवा गरेको अनुभवलाई मान्यता दिइने छैन ।

१३. लिखित परीक्षामा उत्तिर्ण हुने उम्मेदवारहरुले अन्तरवार्ता दिनु अगाडि शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता तथा समावेशीतर्फ दरखास्त दिने उम्मेदवारको लागि पेश गर्नु पर्ने भनी उल्लेख गरिएका सम्पूर्ण कागजातहरुको सक्कलका साथै नक्कल प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

१४. उम्मेदवारले प्रवेशपत्रमा आफू उम्मेदवार हुने समूहहरुको विवरण निर्धारित ढाँचामा अनिवार्य रुपमा खुलाउनु पर्नेछ । अन्यथा परीक्षामा समावेश गराइने छैन ।

१५. दरखास्त दिने उम्मेदवारले विदेशी संस्थामा अध्ययन गरेको भएमा सम्बन्धित निकायबाट आफुले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्नेछ ।

१६. परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

१७. परीक्षा फाराम र पाठ्यक्रम आयोगको वेबसाइट http:// www.jcs.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिने छ ।